# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-१, अंक-११, आ.व.२०८१/८२ फाल्गुन, २०८१

## सम्पादकीय


कोशी प्रदेश सरकारको चालु आ.व.२०८१/८२ को **माघ मसान्तसम्मको** समग्र आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म प्रदेशको कुल खर्चमा ८.६ प्रतिशतले वृद्धि भएको छ। बचत संघ अनुदान फिर्ता रकम गत आ.व.को भन्दा वृद्धि भएकोले चालु खर्च बढी देखिएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान कमी भएको छ, भने राजस्व सङ्कलनमा केही वृद्धि भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. चालु आ.व.२०८१/८२ को **माघ महिनासम्म** वार्षिक विनियोजनको तुलनामा २८.४ **प्रतिशत** खर्च भएको छ। जसमध्ये चालु, पूँजीगत र स्थानीय तह अनुदानको खर्च प्रतिशत देहाय अनुसार रहेको छः-

| चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान |
|---|---|---|
| ३५.३% | १९.४% | २९.६% |

चार्ट (क)- तीन आर्थिक वर्षको माघ मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

२. आर्थिक वर्ष २०८१/८२ को माघ महिनासम्म जम्मा रु.१० अर्ब २ करोड २८ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.३ अर्ब २१ करोड ३ लाख र चालु खर्च रु.४ अर्ब ९७ करोड ६० लाख रहेको छ।

तालिका (क)- पछिल्लो तीनवर्षको माघ महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)

| बजेट शीर्षक | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति |
| चालु खर्च | १३०८८७ | ४६२३१ | ३५.३% | १२७४७२ | ४३७५६ | ३४.३% | १४०९४८ | ४९७६० | ३५.३% |
| पूँजीगत खर्च | २३००२६ | ५४५५६ | २३.७% | २०३८५१ | ३५२२१ | १७.३% | १६५२७४ | ३२१०३ | १९.४% |
| वित्तीय व्यवस्था | ० | - | - | १०० | ० | - | २०० | ० | - |
| स्थानीय तह अनुदान | ३६४७० | १५४२५ | ४२.३% | ३६७४५ | १३२९२ | ३६.२% | ४६३७१ | १८३६५ | २९.६% |
| कुल खर्च | ३९७३८३ | ११६२१२ | २९.२% | ३६८१६८ | ९२२६९ | २५.१% | ३५२७९३ | १००२२८ | २८.४% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

३. चालु आ.व.२०८१/८२ को माघ महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असोज महिनामा रु.२ अर्ब २९ करोड ५९ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

तालिका (ख) आ.व.२०८१/८२ माघसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| श्रावण | १३९६४ | १४२ | | १४१०६ | १४.१% |
| भदौ | ४०३४ | ३१०० | ५६८ | ७७०२ | ७.७% |
| असोज | ७१६५ | ७६८० | ८११४ | २२९५९ | २२.९% |
| कार्त्तिक | ९९३८ | २३५० | २१९५ | १४४८३ | १४.५% |
| मंसीर | ४५६८ | ४०९२ | २८७५ | ११५३५ | ११.५% |
| पुष | ५१७६ | ८२२१ | ३५०० | १६८९७ | १६.९% |
| माघ | ४९१५ | ६५१८ | १११३ | १२५४६ | १२.५% |
| जम्मा खर्च | ४९७६० | ३२१०३ | १८३६५ | १००२२८ | १००.०% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आ.व.२०८१/८२ माघ मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.८ अर्ब १८ करोड १२ लाख **(वार्षिक लक्ष्यको ४७.१%)** राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघ अनुदानको जम्मा रु.६ अर्ब ७४ करोड २६ लाख **(वार्षिक लक्ष्यको ४६.४%)** निकासा प्राप्त भएको छ।

५. चालु आ.व.को माघ मसान्तसम्म राजस्व र अनुदान गरी जम्मा रु.१४ अर्ब ९२ करोड ३८ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ। गत आ.व.को भन्दा चालु आ.व.को संघ सशर्त अनुदानको विनियोजन कम भएको हुँदा समग्र आयमा कमी देखिएको छ।

**तालिका (ग)- पछिल्लो तीन आ.व.को (माघ सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०७९/८० माघ सम्मको प्राप्ति | २०८०/८१ माघ सम्मको प्राप्ति | चालु आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | माघ सम्मको प्राप्ति | प्राप्ति प्रतिशत | |
| संघीय राजस्व बाँडफाँट (VAT, अन्तःशुल्क र रोयल्टी) | ३८२५२ | ५१६०० | १२४००८ | ५७२४३ | ४६.२% | १०.९% |
| प्रदेशको आन्तरिक राजस्व (स्थानीय तहबाट प्राप्त हुने समेत) | १७९८१ | १८६४२ | ४९८०० | २४५६९ | ४९.३% | ३१.८% |
| संघ वित्तीय समानीकरण अनुदान | ६७५६१ | ४३९१९ | ८९४३२ | ४४७१६ | ५०.०% | १.८% |
| संघ सशर्त अनुदान | १९७७६ | ३३२२१ | ४१६४३ | १३८०९ | ३३.२% | -५८.४% |
| संघ समपूरक अनुदान | १५६८ | २४०९ | ६५५० | ४३२३ | ६६.०% | ७९.५% |
| संघ विशेष अनुदान | ३०३६ | २५०८ | ७८०१ | ४५७८ | ५८.७% | ८२.५% |
| **जम्मा** | **१४८१७४** | **१५२२९९** | **३१९२३४** | **१४९२३८** | **४६.७%** | **-२.०%** |

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी चालु आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

६. चालु आ.व.२०८१/८२ को माघ मसान्तसम्म संघीय राजस्व बाँडफाँट र आन्तरिक राजस्वको शीर्षकगत रुपमा मासिक राजस्व प्राप्तिको विवरण समेत तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका (घ)- आ.व.२०८१/८२ को माघसम्म राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | संघीय राजस्व बाँडफाँट | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | विविध शुल्क/ अन्य राजस्व | जम्मा मासिक राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ८०९९ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | १०१२० |
| असोज | ७५७४ | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | १२०१६ |
| कात्तिक | ८०४७ | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ११८६७ |
| मंसिर | १५७०७ | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | १९६६२ |
| पुष | ८४८३ | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | १२९८३ |
| माघ | ९३३३ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | १४३२९ |
| माघसम्मको जम्मा | ५७२४३ | ८०९४ | ५२७४ | ३७३२ | ५१४ | ३४९२ | १३७८ | २०८५ | ८१८१२ |
| वार्षिक लक्ष्य | १२४००८ | १४१०० | १४५०० | ९५०० | ९०० | ४९९० | ३०७० | २७४० | १७३८०८ |
| चालु आ.व. माघ सम्मको प्रगति | ४६.२% | ५७.४% | ३६.४% | ३९.३% | ५७.१% | ७०.०% | ४४.९% | ७६.१% | ४७.१% |
| गत आ.व. माघ सम्मको प्राप्ति | ५१६०० | ७०३३ | ३८६४ | ३४६९ | ४४५ | २२७४ | ६६८ | ८८९ | ७०२४२ |
| वृद्धि प्रतिशत | १०.९% | १५.१% | ३६.५% | ७.६% | १५.५% | ५३.६% | १०६.३% | १३४.५% | १६.५% |


(*स्थानीय तहबाट प्राप्त राजस्व अन्तरगत दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.को माघसम्मको तुलनामा चालु आ.व.को माघसम्म संघीय राजस्व बाँडफाँटमा १०.९ प्रतिशतले वृद्धि भएको छ, भने प्रदेशको आन्तरिक राजस्वमा ३१.८ प्रतिशतले वृद्धि भएको छ। आन्तरिक राजस्व तर्फ सवारी साधन कर लगायतका सबै शीर्षकमा अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भएको छ।

चार्ट (ख)- तीन आर्थिक वर्षको माघ महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था

(रकम रु.लाखमा)




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

<u>सम्पादन तथा प्रकाशन</u>

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा)

कोशी प्रदेश, विराटनगर